नेपाल धितोपत्र बोर्ड समाचार

अङ्क-१५ (माघ-फागुन २०७४)

# सूचीकृत संस्थाहरूको संस्थागत सुशासन सम्बन्धमा

**माघ २५, २०७४:** बोर्डबाट सूचीकृत संगठित संस्थाहरुमा संस्थागत सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले "सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४" यही मिति २०७५ साउन १ गते देखि लागू हुने गरी जारी गरिएको छ । सूचीकृत संगठित संस्थाहरुको काम कारबाहीलाई नियमित, व्यवस्थित, पारदर्शी तथा सेयरधनी लगायत सरोकारवालाहरु प्रति उत्तरदायी बनाउने उद्देश्य यस निर्देशिकाको रहेको छ । उक्त निर्देशिकामा सूचना तथा जानकारी प्रवाह, सञ्चालक समिति, संचालकको आचरण, संस्थाको हित विपरीत कार्य गर्न नहुने, पदको दुरुपयोग गर्न नहुने, संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली, संगठन संरचना र कर्मचारी सम्बन्धी व्यवस्था, संस्थाको लेखा तथा लेखापरीक्षण, सूचीकृत संस्थाले गर्न नहुने कार्य सहित संस्था संचालन सम्बन्धी व्यवस्थाहरु समावेश गरिएका छन् ।

छिमेकी राष्ट्र भारत, श्रीलंका तथा मलेशिया लगायत अन्य एशियाली मुलुकहरुका सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धमा भए गरिएका अभ्यासहरु र नेपालमा भएको विद्यमान व्यवस्थाहरुलाई समेत विशेष ध्यान दिइएको छ । साथै, संस्थागत सुशासन सम्बन्धमा आर्थिक सहयोग तथा विकास संगठन (Organisation for Economic Cooperation and Development – OECD) ले संस्थागत सुशासनसँग सम्बन्धित कानुनी, नियमन तथा संस्थागत ढाँचाको मूल्यांकन तथा सुधारका सम्बन्धमा मुख्य ६ सिद्धान्तहरु सेयरधनी प्रतिको दायित्व, सेयरधनी बीच समान व्यवहार, जवाफदेहिता, पारदर्शीता र सूचना प्रवाह, सञ्चालक समितिको उत्तरदायित्व र सरोकारवालाहरू प्रतिको दायित्व समेतलाई मध्यनजर गरी यो निर्देशिका तयार गरिएको छ ।

### सूचीकृत सङ्गठित संस्थाहरूको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा गरिएका प्रमुख व्यवस्थाहरू:

- सूचना तथा जानकारी प्रवाह सम्बन्धमा: संस्थाले सूचना तथा जानकारी प्रवाह गर्दा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ढाँचाको अनुसरण गर्न प्रोत्साहित गर्दै संस्थाको पुँजी तथा सेयरको संरचना, वित्तीय अवस्था तथा प्रचलित कानुन बमोजिम सार्वजनिक गर्नु पर्ने सूचना, विवरण इत्यादि नियमित रूपमा सार्वजनिक गर्नु पर्ने ।
- सञ्चालक समिति सम्बन्धमा: सञ्चालकहरूको नियुक्ति वा मनोनयन कम्पनी सम्बन्धी प्रचलित कानुनको अधीनमा रही संस्थाको साधारण सभाले गर्ने र सञ्चालकको कार्यकाल बढीमा चार वर्षको हुने, सञ्चालक समितिमा साधारण सभाबाट संस्थाको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको व्यक्तिलाई स्वतन्त्र सञ्चालक नियुक्त गर्नु पर्ने र सञ्चालक समितिमा एकाघर परिवारबाट एकभन्दा बढी सञ्चालक नियुक्त भएमा बार्षिक प्रतिवेदनमा उल्लेख गर्नु पर्ने ।
- सञ्चालकको अयोग्यता सम्बन्धमा: धितोपत्र व्यवसायी संस्थामा स्वामित्व वा कुनै लाभको पदमा रहेको, कुनै सञ्चालक, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले ऐनको दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय पाएको मितिले दश वर्षको अवधि पूरा नभएको, धितोपत्रको सार्वजनिक निष्काशन गरी ऐन बमोजिम पेश गर्नु पर्ने विवरण वा जानकारी पेश नगरी सञ्चालनको अवस्था अज्ञात रहेको संस्थाको पदाधिकारी रहेको संचालकको लागि अयोग्य हुने ।
- सञ्चालक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा: साना लगानीकर्ताको हित संरक्षण गर्न गराउन विशेष जोड दिइएको छ र असल संस्थागत सुशासन र नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्ने व्यक्तिलाई सञ्चालक समितिले अध्यक्षको रूपमा नियुक्त गर्नु पर्ने ।
- अध्यक्ष र कार्यकारी प्रमुख अलग अलग व्यक्ति हुनु पर्ने ।
- बैठक भत्ता तथा अन्य सुविधा संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुने ।
- संचालकको आचरण सम्बन्धमा: प्रत्येक सञ्चालक नियुक्त भएको १५ दिनभित्र संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण, निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको सेयर वा डिबेन्चरको विवरण, र अन्य कुनै सङ्गठित संस्थाको आधारभूत सेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरणको लिखित जानकारी संस्थालाई गराउनु पर्ने ।
- संस्थाको हित विपरीत कार्य गर्न नहुने सम्बन्धमा: सञ्चालक आफूसँग वित्तीय स्वार्थ रहेको कुनै पनि कारोबारमा संलग्न नहुने, सञ्चालकले कुनै पनि प्रयोजनको लागि संस्थाको वित्तीय स्वार्थ रहेका सेयरधनी वा निजको एकाघर परिवारको स्वामित्वमा रहेको वा निजहरूको फर्म तथा कम्पनीसँग घर भाडामा लिई कारोबार गर्न नपाउने र कुनै व्यक्ति सञ्चालकको पदमा बहाल रहुञ्जेल अन्य कुनै संस्थाको लेखा परीक्षक, सल्लाहकार, कार्यकारी प्रमुख, कर्मचारी, बीमा सर्भेयर, बीमा दलाल, बीमा अभिकर्ता वा तेस्रो पक्ष सहजकर्ता भई कार्य गर्न नपाउने व्यवस्था गरिएको छ ।
- जोखिम व्यवस्थापन सम्बन्धमा: सम्भावित सङ्गठनात्मक तथा आर्थिक जोखिमलाई न्यूनीकरण गर्न जोखिम व्यवस्थापन समिति गठन गर्नु

यस भित्र

प्राथमिक बजारमा भएका सुधार तथा विकासहरु पृ. २

के हो सि-आस्वा पृ. ३

चालु आ.व.को प्रथम आठ महिनामा..... पृ. ४

लगानीकर्ता प्रशिक्षण तथा जनचेतना..... पृ. ८

पर्ने र सो समितिमा संस्थाको जोखिम व्यवस्थापनको ढाँचा तथा नीतिहरूको पुनरावलोकन गर्ने काममा स्वतन्त्र सञ्चालकलाई समेत सहभागी गराउनु पर्ने ।

- आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा: प्रत्येक संस्थाले कम्पनीको पुँजीको सञ्चालन तथा व्यवस्थापनका विषयमा, कम्पनीका सञ्चालक, अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत लगायतको निजी स्वार्थ वा सरोकार बाझिने गरी काम कारबाही गर्न नहुने सम्वन्धमा, भ्रष्टाचार तथा आर्थिक अनियमिता नियन्त्रणको सम्बन्धमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नु पर्ने ।
- परिपालन (कम्प्लाइन्स) अधिकृत सम्बन्धमा: संस्थाले व्यवस्थापन, वाणिज्यशास्त्र, कानुन विषयमा कम्तीमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरी कम्तीमा तीन वर्षको कार्यानुभव भएका अधिकृत कर्मचारीलाई परिपालन अधिकृत तोक्नु पर्ने र सो अधिकृतले ऐन, नियम तथा नियमन निकायबाट जारी भएको निर्देशनहरु संस्थाबाट अद्यावधिक रूपमा पालना भएको सुनिश्चित गर्नु पर्ने र पालना भएको वा नभएको बारे वार्षिक प्रतिवेदनमा उल्लेख गरी लेखा परीक्षकबाट प्रमाणित गराउनु पर्ने ।
- लेखापरीक्षण सम्बन्धमा: संस्थाले सम्पूर्ण आय व्ययको लेखा, लेखाका मान्य सिद्धान्त बमोजिम दुरूस्त रूपमा लेखा राख्नु पर्ने तथा सर्वसाधारण सेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र सञ्चालक सहित तीन जना सदस्य रहेको एक स्वतन्त्र लेखापरीक्षण समितिको गठन गर्नु पर्ने ।
- सूचीकृत सङ्गठित संस्थाले गर्न नहुने कार्य सम्बन्धमा: सूचीकृत सङ्गठित संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैंक तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिन वा दिन नहुने, वित्तीय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्था वा आफ्नो कर्मचारी, सल्लाहकार, परामर्शदातासँग साझेदारीमा कुनै सम्पत्ति जोड्न नहुने तथा सम्पत्तिको अनधिकृत रूपमा भोगचलन गर्न नपाउने ।
- तलब, भत्ता इत्यादि सम्बन्धमा संस्थाले सम्बन्धित कर्मचारीलाई पूर्व जानकारी गराउनु पर्ने,
- खरिद प्रकृयालाई व्यवस्थित र पारदर्शी बनाउन प्रत्येक संस्थाले खरिद कार्यविधि बनाई लागू गर्नु पर्ने,
- प्रत्येक संस्थाले संस्था सम्बन्धी कानुन र त्यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासका विषयमा आफ्ना सञ्चालकहरूलाई जानकारी दिन वार्षिक रूपमा सिकाई तथा पुर्नताजगी कार्यक्रम सञ्चालन गर्नु पर्ने,
- सञ्चालक समितिले सञ्चालक तथा संस्थामा कार्यरत कर्मचारीको सम्बन्धमा आचरण सम्बन्धी संहिता बनाई लागू गर्नु पर्ने ।

# प्राथमिक बजारमा भएका सुधार तथा विकासहरू

## ग्राहक विवरण (KYC) विस्तृत रूपमा परिमार्जन गरिएको

**माघ ८, २०७४** : बोर्डले धितोपत्र दलाल व्यवसायीहरुले राख्नुपर्ने ग्राहकको विवरण (KYC) लाई विस्तृत रुपमा परिमार्जन गरी समयसापेक्ष बनाएको छ । धितोपत्र कारोबार प्रक्रियालाई थप व्यवस्थित तथा पारदर्शी बनाउन र धितोपत्र सम्बन्धी ऐन, नियमन तथा सम्पति शुद्धीकरण सम्बन्धी प्रचलित कानुनी व्यवस्थाहरुलाई अझ प्रभावकारी ढंगले कार्यान्वयन गर्दै जाने क्रममा बोर्डले उक्त फाराममा परिमार्जन गरेको हो । विगतमा धितोपत्र कारोबार गर्दा सिमित रुपमा मात्र ग्राहक विवरण भर्नुपर्ने व्यवस्था रहेकोमा परिमार्जित ग्राहक विवरण मूख्यत: ग्राहकको परिवार सदस्यहरुको विवरण, पेशागत विवरण, ग्राहकको बसोबास गर्ने स्थानको नक्सा, इन्भेष्टमेन्ट कम्पनीमा संलग्न भए नभएको विवरण, धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रचलित कानुन विपरित आर्जन नगरेको उदघोषण, कम्पनी/संस्थाको पहिलो तथा दोस्रो सम्पर्क व्यक्तिको तीन पुस्ते विवरण जस्ता थप विवरणहरु समावेश गरिएको छ । यसअघि बोर्डले केही धितोपत्र दलाल व्यवसायीलाई आफ्नो ग्राहकको विवरण नराखेको सम्बन्धमा आर्थिक जरिवाना गरेको थियो ।

## सि-आस्वा सम्बन्धमा सिडिएसलाई निर्देशन

**माघ १०, २०७४**: बोर्डले अनिवार्य रुपमा सि-आस्वा प्रणाली कार्यान्वयन गर्न सम्बन्धित सबैलाई एक महिनाको समय उपलब्ध गराउन सिडिएसलाई निर्देशन दिएको छ । सिडिएसले मिति २०७४।१०।०९ मा एक सूचना प्रकाशन गर्दै मिति २०७४।१०।०९ देखि सि-आस्वा लागू गरिएको भन्ने सूचना उपर बोर्डले आफ्नो ध्यानाकर्षण गर्दै उक्त निर्देशन दिएको हो । बोर्डबाट अनुमतिप्राप्त ६० भन्दा बढी बैंक तथा वित्तीय संस्थाहरुको करिब २५०० भन्दा बढी शाखाहरुबाट नेपालभरी आस्वा प्रणाली लागू भैरहेको सन्दर्भमा ती संस्था र शाखाहरुलाई सि-आस्वा प्रणालीमा आवद्ध हुन, पूर्वाधार तयार गरी गराई प्रणाली सञ्चालन सम्बन्धी तालिम लिन केही समय दिनुपर्ने साथै लगानीकर्तालाई सि-आस्वा रजिष्ट्रेशन नम्बर (CRN No.) प्राप्त गर्न समय दिनुपर्ने जस्ता व्यवहारिक पक्षलाई दृष्टिगत गरी अनिवार्य रुपमा यस प्रणाली मार्फत् दरखास्त दिने व्यवस्था गर्न एक महिनाको समय उपलब्ध गराउन तथा सो सम्बन्धमा सम्बन्धित सबैलाई जानकारी गराउन उक्त निर्देशन जारी भएको हो ।

साथै, बोर्डले मिति २०७४।१०।२३ मा एक प्रेश विज्ञप्ती जारी गर्दै सि-आस्वा कार्यान्वयन सम्बन्धमा केही लगानीकर्ता तथा सञ्चार माध्यमहरुलाई लगानीकर्ताले आवदेन गर्दा अनलाइन मार्फत् मात्र गर्नुपर्ने भनि परेको भ्रमलाई प्रष्ट समेत पारेको छ । सि-आस्वा प्रणाली मार्फत् हुने सार्वजनिक निष्काशनमा धितोपत्र खरिदको आवेदन दिँदा सि-आस्वा रजिष्ट्रेशन नम्बर लिई अनलाइन तथा सि-आस्वा फाराम भर्ने दुई मध्ये एक प्रकृयाबाट आवेदन दिन सक्ने व्यवस्था रहेको स्पष्ट गरिएको थियो ।

## सि-आस्वा प्रणालीको सफल कार्यान्वयन

**फागनु ३०, २०७४** : आस्वा अन्तर्गत कम्प्युटरकृत प्रणाली मार्फत एकीकृत गरी आवेदन दिने कार्यलाई थप व्यवस्थित तथा छिटो छरितो बनाउने उद्देश्यले Centralised Application for ASBA Based Issuance (सि-आस्वा) प्रणाली लागू गर्न बोर्डबाट स्वीकृत गरिएको "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४" बमोजिम सिडिएस एण्ड क्लियरिङ्ग लि.बाट सफ्टवेयर तयार गरी मिति २०७४।११।११ गते देखि अनिवार्य रुपमा सि-आस्वा प्रणाली लागू भएको थियो ।

सि-आस्वा प्रणाली मार्फत दरखास्त लिने व्यवस्था भई मिति २०७४ फागुन १५ गते देखि सार्वजनिक निष्काशन खुल्ला गरिएको आरम्भ माइक्रोफाइनान्स वित्तीय संस्था लि. को मिति २०७४ फागुन २१ गते निष्काशन बन्द भएको थियो । उक्त निष्काशनमा कुल १ लाख ८५ हजार ६५३ योग्य आवेदन परेकोमा सो कम्पनीको सेयर बाँडफाँट निष्काशन बन्द भएको २ दिन पश्चात अर्थात मिति २०७४ फागुन २३ गते भएको छ । सि-आस्वा लागू हुनु भन्दा अगाडि धितोपत्र बाँडफाँट समय ५० दिन सम्म लाग्ने र धितोपत्र सूचीकरण भई खरिद बिक्री योग्य हुन करिव ६ महिना समय लाग्ने गरेकोमा यस प्रणालीको कार्यान्वयन पश्चात निकै छोटो अवधिमा धितोपत्रको बाँडफाँट सम्भव भई निष्काशनको छोटो समयमै धितोपत्रको कारोवार हुन सम्भव भएको छ ।

यसरी कार्यान्वयन आएको सि-आस्वा प्रणालीले लगानीकर्ताहरुले निष्काशनमार्फत् खरिद गरिएको धितोपत्र छोटो समयमा नै बिक्री गर्न पाउने तथा नपरेको रकम समेत छिटो फुकुवा भई थप लगानीको अवसर प्राप्त हुन गई लगानीकर्ताहरु लाभान्वित हुने वातावरण तयार भएको छ ।

### के हो सि-आस्वा ?

आस्वा प्रणाली अर्न्तगत सार्वजनिक निष्काशन हुँदा निवेदकको हितग्राही खाता रुजु गर्न तथा प्राप्त भएका निवेदनहरुको विवरण प्रविष्टि गर्न आस्वा बैंक र निष्कासन तथा विक्री प्रबन्धकका लागि तयार पारिएको केन्द्रीकृत सफ्टवेयरलाई सि-आस्वा (C-ASBA) भनिन्छ । आस्वा अर्न्तगत कम्प्युटरकृत प्रणाली मार्फत् एकीकृत आवेदन दिने कार्यलाई थप व्यवस्थित, छिटो छरितो बनाउने उद्देश्यले यो प्रणाली लागू गरिएको हो । यस प्रणाली अर्न्तगत आवेदकले सर्वप्रथम आफ्नो खाता रहेको बैक तथा वित्तीय संस्थाबाट सिआरएन (C-ASBA Registration Number, CRN) लिनु पर्दछ । धितोपत्रको सार्वजनिक निष्कासन भएको समयमा आवेदक स्वयंले इन्टरनेट मार्फत् वा आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्थामा सि( आस्वा फाराम भरी धितोपत्र खरिदका लागि निवेदन दिन सक्दछन् ।

सिडिएस एण्ड क्लियरीङ्ग लि. बाट तयार गरिएको धितोपत्रको सार्वजनिक निष्कासनको केन्द्रीकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बोर्डबाट स्वीकृत भएसँगै कार्यान्वयनमा आएको सि-आस्वालाई २०७४ फाल्गुण ११ बाट अनिवार्य गरिएको छ ।

## बोर्डका नवनियुक्त कर्मचारीका लागि अभिमुखिकरण कार्यक्रम सम्पन्न

**फागनु १७, २०७४** : बोर्डले नियमन जिम्मेवारीलाई प्रभावकारी रुपमा सम्पन्न गर्नका लागि आफ्नो संस्थागत क्षमतामा समयानुकुल अभिबृद्धि गर्ने क्रममा संबैधानिक व्यवस्था अनुरुप लोक सेवा आयोगको संलग्नतामा हालै अधिकृत तथा सहायक श्रेणीमा थप १३ कर्मचारीको स्थायी नियुक्ति गरेको छ । बोर्डबाट नवनियुक्त कर्मचारीहरुलाई मिति २०७४।१०।१७ देखि २०७४।१०।१९ सम्म बोर्डका निर्देशक, उपनिर्देशक तथा धितोपत्र बजार सम्बद्ध बाह्रय विज्ञहरुबाट बोर्डको उद्देश्य, काम, कर्तव्य र अधिकार, संस्थागत संरचना, कार्य पद्धति, धितोपत्र बजार तथा कमोडिटि डेरिभेटिभ्स् बजारको आधारभूत पक्ष, बजार नियमन तथा सुपरिवेक्षण, धितोपत्र बजार सम्बन्धी कानुनी संरचना, लगानीकर्ता शिक्षा तथा प्रशिक्षणको महत्व, धितोपत्रको दोस्रो बजार, केन्द्रीय निक्षेप, राफसाफ तथा फछ्र्यौट सम्बन्धी प्राविधिक पक्ष, धितोपत्र बजारमा भएका अध्ययन अनुसन्धान लगायतका विषयमा ३ दिने बृहत अभिमुखिकरण कार्यक्रम संचालन गरेको छ ।

कार्यक्रममा बोर्ड अध्यक्ष डा. रेवतबहादुर कार्कीले वित्तीय प्रणालीको ३५ वर्षभन्दा लामो राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव सुनाउँदै विगत दुई वर्षमा बोर्डको संस्थागत क्षमता अभिबृद्धि, धितोपत्र बजार सुधार तथा विकास सम्बन्धी विभिन्न व्यवस्था, वस्तु विनिमय बजारसम्बन्धी ऐन तथा नियमावली र धितोपत्र सम्बन्धी विभिन्न नियमावली तथा निर्देशिकाहरुको कार्यान्वयन, बोर्ड सदस्य तथा कर्मचारी सम्बन्धी आचार संहिता लागू तथा कानुन प्रवलीकरणमा विशेष जोड दिदै स्वच्छ तथा पारदर्शी धितोपत्र बजारको विकासमा बोर्ड अग्रसर रहेको बताउनुभयो । उक्त अवसरमा डा. कार्कीले ज्ञान हासिल गर्ने कार्य निरन्तर चलिरहने हुनाले ज्ञान एवं क्षमता अभिबृद्धि गर्ने कार्यमा अविरल रुपमा लाग्न र नियमन निकायमा अनुशासनको विशेष महत्व हुने हुदाँ अनुशासित भई आ्फनो कार्य जिम्मेवारी पूरा गर्न सम्पूर्ण सहभागी कर्मचारीलाई निर्देशन दिनुभयो ।



*नवनियुक्त कर्मचारीसमक्ष आफ्नो मन्तव्य राख्दै बोर्डका कार्यकारी निर्देशक श्री परीष्टनाथ पौड्याल*

त्यसैगरी बोर्डका कार्यकारी निर्देशक परीष्टनाथ पौड्यालले बोर्ड स्थापना हुँदा र हालको धितोपत्र बजारको अवस्थाको जानकारी दिदै धितोपत्र बजार नियमन चुनौती सामना गर्न नवनियुक्त कर्मचारीलाई जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्न सुझाव दिनुभयो । त्यस्तै बोर्डका अर्का कार्यकारी निर्देशक निरज गिरीले बोर्डको शुरुवाती चरणका विभिन्न आरोह अवरोहको विषयमा जानकारी दिदै अभिमुखिकरण कार्यक्रमबाट सिकेको ज्ञानलाई व्यवहारमा उतार्दै उपलब्धीमूलक बनाउन सहभागी सबैलाई सुझाव दिनुभयो । साथै, उहाँले बोर्डमा हालसालै भएको दक्ष, योग्य कर्मचारीहरुको प्रवेशबाट बोर्डको नियमन तथा सुपरिवेक्षण क्षमता थप बृद्धि हुने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रमको संयोजन बोर्डका निर्देशक डा. नवराज अधिकारीले गर्नु भएको थियो ।

# चालु आ.व.को प्रथम आठ महिनामा धितोपत्र बजारको समीक्षा

*आ.व. २०७४।७५ को प्रथम आठ महिनामा नेपालको धितोपत्र बजारमा केही सकुंचन आएको देखिन्छ। धितोपत्रको प्राथमिक बजारमा सूचीकृत संगठित संस्थाहरुको हकप्रद निष्काशन, थप निष्काशनमा गिरावट आएतापनि साधारण सेयरको प्राथमिक निष्काशनतर्फ भने उल्लेख्य वृद्धि देखिएको छ।*

*त्यसैगरी धितोपत्रको दोस्रो बजारतर्फ भने धितोपत्र आपूर्तिमा भएको वृद्धि, बैंक तथा वित्तीय संस्थाको पुँजी वृद्धि योजनाको समयावधि समाप्तिसँगै वित्तीय बजारमा देखिएको असन्तुलनका कारण लगानीकर्ताको बजारप्रतिको मनोबलमा केही ह्रास आएको देखिन्छ।*

*धितोपत्रको प्राथमिक बजार र दोस्रो बजारको समीक्षा देहाय अनुसार प्रस्तुत गरिएको छ।*

## प्राथमिक बजार

आ.व. २०७४।७५ को प्रथम आठ महिनामा बोर्डबाट कुल ५२ संगठित संस्थाहरुको रु. ३२ अर्ब ८४ करोड बराबरको धितोपत्र निष्काशनका लागि अनुमति प्रदान गरिएको छ जुन अघिल्लो वर्षको सोही समयावधिको निष्काशन संख्या र निष्काशन अनुमति रकमको आधारमा करिब पाँच प्रतिशतले कमी हो । अघिल्लो वर्षको सोही समयावधिमा ५५ संगठित संस्थाले रु. ३४ अर्ब ६७ करोड मूल्य बराबरको धितोपत्र निष्कासन गर्ने अनुमति पाएका थिए । चालु आ.व.मा हकप्रद निष्कासन र थप निष्कासनमा कमी आएतापनि साधारण सेयरको निष्काशनतर्फ भने १७६.७ प्रतिशतले वृद्धि आएको छ । चालु आ.व.को प्रथम आठ महिनामा नौं (९) संगठित संस्थाले रु. २ अर्ब ८६ करोड मूल्य बराबरको साधारण सेयर निष्काशन अनुमति प्राप्त गरेका छन्, जसमा पाँच जलविद्युत कम्पनी र चार लघुवित्त कम्पनी रहेका छन् ।

समीक्षा अवधिमा ३५ सूचीकृत कम्पनीले रु. १९ अर्ब ५३ करोड बराबरको हकप्रद निष्काशन अनुमति प्राप्त गरेका छन् जुन अघिल्लो वर्षको सोही समयावधिको तुलनामा करिब १५ प्रतिशतले कमी हो । चालु आ.व.मा हकप्रद निष्काशन गर्ने कम्पनीतर्फ विकास बैंक समूहका कम्पनीहरुको बाहूल्यता (करिब ४६ प्रतिशत) रहेको छ । समीक्षा अवधीमा चार(४) सामूहिक लगानी योजनाले रु. ४ अर्ब ८० करोड रकमको इकाइ जारी गरेका छन् जुन अघिल्लो वर्षको सोही समायवधिको तुलनामा करिब ६८ प्रतिशतको वृद्धि हो । विगत दुई वर्ष शून्य अवस्थामा रहेको ऋणपत्र निष्कासनतर्फ भने चालु आ.व.मा एक वाणिज्य बैंकले रु. तीन अर्बको ऋणपत्र निष्कासन गरेको छ । विगत तीन आ.व.को प्रथम आठ महिनाको धितोपत्रको प्राथमिक बजारको अवस्थालाई तालिका-१ तथा चार्ट-१ मा प्रस्तुत गरिएको छ ।


**तालिका-१**

**धितोपत्रको प्राथमिक बजार (प्रथम आठ महिनामा आधारित)**

| क्र.सं. | विवरण | आर्थिक वर्ष (रकम रु. अर्बमा) | | | | | | परिवर्तन प्रतिशतमा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | | २०७३/७४ | | २०७४/७५ | | संख्याको आधारमा | | रकमको आधारमा | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | प्राथमिक निष्काशन | ६ | २.३ | ९ | १.० | ९ | २.९ | ५०.० | ०.० | -५४.८ | १७६.७ |
| २ | हकप्रद निष्काशन | २० | ३.४ | ४० | २३.० | ३५ | १९.५ | १००.० | -१२.५ | ५८४.८ | -१५.२ |
| ३ | थप निष्काशन | ३ | ५.८ | ३ | ७.८ | ३ | २.७ | ०.० | ०.० | ३३.४ | -६५।७ |
| ४ | ऋणपत्र | - | - | - | - | १ | ३.० | - | - | - | - |
| ५ | म्यूचूअल फण्ड | १ | १.० | ३ | २.९ | ४ | ४.८ | ०.० | ३३.३ | १८५.० | ६८.४ |
| | जम्मा | ३० | १२.४७ | ५५ | ३४.६७ | ५२ | ३२.८४ | ८३.३ | –५.५ | १७८.० | –५.३ |

*स्रोत: नेपाल धितोपत्र बोर्ड ।*

चार्ट १ विगत तीन आर्थिक वर्षको आठ महिनामा प्राथमिक बजारको अवस्था




## धितोपत्रको दोस्रो बजार

आ.व. २०७३।७४ को प्रथम आठ महिनामा उत्साहजनक देखिएको धितोपत्रको दोस्रो बजार चालु आ.व.को प्रथम आठ महिनामा गिरावट आएको छ । समीक्षा अवधिमा दोस्रो बजारमा सूचीकृत कम्पनीहरुको संख्यामा विभिन्न सूचीकृत कम्पनीहरु बीच भएको सम्मिलन तथा प्राप्तीका कारण ८.५ प्रतिशतले कमी आई उक्त संख्या १९४ पुगेको छ । यद्यपी हकप्रद सेयर, बोनस सेयर तथा प्राथमिक निष्कासनमार्फत् जारी भएको साधारण सेयर दोस्रो बजारमा सूचीकृत भई धितोपत्रको आपूर्तिमा भने करिब ३३ प्रतिशतले वृद्धि भएको छ । चालु आ.व.को प्रथम आठ महिनामा रु. ८५ अर्ब ९१ करोड बराबरको धितोपत्रको कारोबार भएको छ, जुन गत वर्षको सोही समयावधिको तुलनामा ३५.२ प्रतिशतले कमी हो । समीक्षा अवधिमा औषत दैनिक कारोबार रकममा समेत ३४.३ प्रतिशतले कमी आई उक्त औषत रकम रु. ५७ करोड ६५ लाख रहेको छ । समीक्षा अवधिमा सूचीकृत धितोपत्रको बजार पुँजीकरणमा भने दुई प्रतिशतको मात्र कमी आएको छ । चालु आ.व.को प्रथम आठ महिनाको अन्त्यमा उक्त बजार पुँजीकरण रु. १५ खर्ब ५ अर्ब पुगेको छ, जुन गत वर्षको सोही समयावधिको अन्त्यमा रु. १५ खर्ब ३६ करोड रहेको थियो । समीक्षा अवधिमा फ्लोट बजार पुँजीकरणमा भने १.७ प्रतिशतको कमी आएको छ । साथै, बजार पुँजीकरणमा कारोबारको प्रतिशत ८.६ प्रतिशत रहेको छ । यो अनुपात गत वर्ष १२.९ प्रतिशत रहेको थियो ।

**तालिका-२**


**धितोपत्रको दोस्रो बजारको अवस्था (आठ महिनामा आधारित)**

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७३/७४ | २०७४/७५ |
| १ | सुचीकत कम्पनीको संख्या | २३० | २१२ | १९४ | -७.८ | -८.५ |
| २ | धितोपत्रको कारोबार (रु. अर्बमा) | ७०.४ | १३२.६ | ८५.९ | ८८.४ | -३५.२ |
| ३ | कारोबार दिन | १४९ | १५१ | १४९ | १.३ | -१.३ |
| ४ | औसत दैनिक कारोबार रकम (रु. करोडमा) | ०.५ | ०.९ | ०.६ | ८५.९ | -३४.३ |
| ५ | कूल सूचीकृत धितोपत्रको संख्या (करोडमा) | १९४.० | २५८.६ | ३४४.६ | ३३.३ | ३३.३ |
| ५ | कारोबार भएको कुल सेयर संख्या (करोडमा) | १३.८ | २५.८ | २०.१ | ८७.१ | -२२.० |
| ६ | कारोबार संख्या | ४३४२१८ | ८०२०२५ | ८५८७८० | ८४.७ | ७.१ |
| ७ | सुचीकृत धितोपत्रको बजार पुँजीकरण (रु.अर्बमा) | १४२०.९ | १५३६.९ | १५०५.६ | ८.२ | -२.० |
| ८ | फ्लोट बजार पुँजीकरण (रु.अर्बमा) | ४६८.५ | ५१५.९ | ५०७.२ | १०.१ | -१.७ |
| ९ | बजार पुँजीकरणमा कारोबारको प्रतिशत | ७.४ | १२.९ | ८.६ | ७४.२ | -३३.९ |
| १० | कूल गार्हस्थ उत्पादनमा बजार पुँजीकरणको प्रतिशत | ६६.७ | ६८.४ | ५७.९ | २.५ | -१५.३ |
| ११ | कूल गार्हस्थ उत्पादनमा फ्लोट पुँजीकरणको प्रतिशत | २२.० | २३.० | १९.५ | ४.४ | -१५.० |
| १२ | नेप्से सूचकांक | १३१८.८८ | १३५५.२३ | १२८५.९६ | २.८ | -५.१ |
| १३ | नेप्से सेन्सिटिभ सूचकांक | २८३.८६ | २९४.४१ | २७३.७३ | ३.७ | -७.० |
| १४ | नेप्से फ्लोट सूचकांक | ९५.१८ | ९९.९५ | ९२.६४ | ५.० | -७.३ |

*स्रोतः नेपाल स्टक एक्सचेञ्ज लि. ।*

समीक्षा अवधीमा धितोपत्रको दोस्रो बजारको अवस्था मापन गर्ने नेप्से सूचकांकमा भने ५.१ प्रतिशतको गिरावट आई उक्त सूचकांक १२८५.९६ बिन्दु कायम भएको छ । यो सूचकांक गत वर्षको प्रथम आठ महिनाको अन्त्यमा १३५५.२३ बिन्दु रहेको थियो । त्यस्तै, समीक्षा अवधिमा फ्लोट सूचकांकमा पनि ७.३ प्रतिशतको ह्रास आई ९२.६४ बिन्दु पुगेको छ, जुन गत वर्ष ९९.९५ बिन्द रहेको थियो । विगत तीन आ.व.को प्रथम आठ महिनाको धितोपत्रको दोस्रो बजारको अवस्था माथि तालिका-२ तथा चार्ट-२ मा प्रस्तुत गरिएको छ ।

चार्ट २  विगत तीन आर्थिक वर्षको प्रथम आठ महिनामा नेप्से सूचकांकको प्रवृति




## लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रमहरू

**फागुन १९, २०७४**: नेपाल धितोपत्र बोर्ड तथा नेपालगञ्ज उद्योग बाणिज्य संघको संयुक्त आयोजनामा मिति २०७४।११।१९ मा नेपालगञ्जमा लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ । नेपालगञ्ज उद्योग बाणिज्य संघका अध्यक्ष नन्दलाल बैश्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्रशिक्षकको रुपमा बोर्डका उप निर्देशक श्री निरञ्जय घिमिरे, नेपाल स्टक एक्सचेञ्ज (नेप्से) का श्री मुराहरी पराजुली, सिडिएस एण्ड क्लियरिङ्ग लि.(सिडिएसि) का श्री देवराज रिजाल, ईम्पेरियल सेक्यूरिटिज् प्रा.लि.का प्रमुख श्री भक्तिराम घिमिरेले धितोपत्र बजार तथा लगानी सम्बन्धी विभिन्न विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।



*नेपालगंजमा आयोजित प्रशिक्षण कार्यक्रमको एक झलक*

उक्त कार्यक्रममा सहभागीहरुबाट उठाइएका विभिन्न जिज्ञासाहरुको समाधान बोर्डका निर्देशक डा. नवराज अधिकारी, सम्बन्धित प्रस्तुतकर्ताहरु, कालिका सेक्यूरिटिज् प्रा.लि.का प्रमुख एवं स्टक ब्रोकर एशोसियशनका पूर्व अध्यक्ष नरेन्द्र सिजापतीले गर्नु भएको थियो ।

कार्यक्रममा सक्रियरुपमा भाग लिदै विभिन्न लगानीकर्ताहरुले धितोपत्र बजार गतिविधिहरु वित्तीय गतिविधि भएकाले अन्य वित्तीय गतिविधिहरुमा मूल्य अभिबृद्धि कर नलगाइएकाले धितोपत्र बजार कारोवारमा समेत मूल्य अभिबृद्धि कर लगाउन नहुने, वास्तविक क्षेत्रका कम्पनीहरुलाई धितोपत्र बजारमा आकर्षित गर्नुपर्ने, धितोपत्रको दोस्रो बजार कारोवार प्रणाली पूर्णरुपमा स्वचालित बनाउनमा कुनै ढिलाई गर्न नहुने, धितोपत्र व्यवसायी सेवा प्रतिस्पर्धी हुनुपर्ने, धितोपत्र बजार नियमन कार्यलाई थप प्रभावकारी बनाउनुपर्ने, धितोपत्रको प्राथमिक बजार सेवा अत्याधुनिक एवं देशव्यापी भए जस्तै धितोपत्रको दोस्रो बजार कारोवार सेवामा सोही अनुसारको सुधार गरी देशव्यापी बनाउनुपर्ने, धितोपत्रको दोस्रो बजार मूल्य सुचकांकमा अन्य पक्षहरु भन्दा राजनीतिको प्रभाव पर्ने गरेकोले यसमा सुधार हुनुपर्ने, सूचिकरण खारेज भएका कम्पनीहरुको यथार्थ स्थीति बाहिर ल्याइनुपर्ने, बजार निर्माता तथा धितोपत्र व्यापारीको व्यवस्था हुनुपर्ने, निजी क्षेत्रमा अर्को स्टक एक्सचेञ्ज खोल्न अनुमति दिनुपर्ने, धितोपत्र बजार लामो समयसम्म पर्ख र हेरको अवस्थामा रहन नहुने, धितोपत्रको कारोवारमा लाग्ने दलाल कमिशन दर बढी भएकोले यसलाई घटाउनुपर्ने, भित्री सूचनाको आधारमा हुने कारोवारलाई छानविन गरी कारवाहीको दायरामा ल्याइनुपर्ने, सूचना एवं जानकारी प्रवाह अभ्यासमा सुधार हुनुपर्ने जस्ता विषयवस्तुहरुमा जिज्ञासा राख्दै समाधानका लागि सुझाव समेत दिनु भएको थियो ।

विभिन्न बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु, स्थानीय उद्योग व्यवसायीहरु, विश्वविद्यालयका प्राध्यापकहरु गरी कुल २२५ जनाको सहभागीता रहेको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंक नेपालगञ्ज शाखा प्रमुख श्री विमलराज खनालले कार्यक्रमका सम्बन्धमा आफ्नो मन्तव्य राख्दै कार्यक्रमको सफलताका लागि शुभकामना दिनु भएको थियो भने कार्यक्रमको संचालन बोर्डका शिक्षा तथा तालिम शाखाका अधिकृत राजु बहादुर जि.सी.ले गर्नु भएको थियो । उक्त लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिबृद्धि कार्यक्रमका सभापति नन्दलाल बैश्यले धेरै लामो समयको प्रतिक्षा पछि सम्भव भएको कार्यक्रम निकै प्रभावकारी भएकोले आगामी दिनमा समेत यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिनुपर्ने र त्यसका लागि नेपालगञ्ज उद्योग वाणिज्य संघले सम्पूर्ण रुपमा सहयोग गर्ने बताउनु भयो ।

**फागुन २०, २०७४**: बोर्ड र देउपुरी उद्योग वाणिज्य संघ, लमहीको संयुक्त आयोजनामा मिति २०७४।११।२० मा दाङ्गको लमहीमा लगानीकर्ता प्रशिक्षण तथा जनचेतना अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरु, स्थानीय उद्योग व्यवसायीहरु, विश्वविद्यालयका प्राध्यापक गरी करिब १५० जनाको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा प्रशिक्षकको रुपमा बोर्ड, नेप्से, सिडिएस र धितोपत्र दलाल व्यवसायीहरुको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा सहभागीका तर्फबाट धितोपत्रको कारोवार प्रणाली पूर्णरुपमा स्वचालित बनाउनुपर्ने, सो क्षेत्रमा धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालय छिटो भन्दा छिटो खुल्नुपर्ने, बैंकहरुलाई धितोपत्र दलाल व्यवसायीको अनुमति दिन ढिलाई गर्नुका कारणहरु आफुहरुले बुझ्न नसकेको, यस्ता कार्यक्रमहरु व्यापकरुपमा गर्नु पर्ने, दाङमा डिम्याट खाता खोल्न निकै समय लगाईदिने गरेकोले सो समस्याको निकास आफुहरुले पाउनुपर्ने, सि आर एन नं किन आवश्यक छ, नयाँ टक एक्सचेञ्जलाई अनुमति दिने प्रकृया कुन अवस्थामा छ, सूचना एवं जानकारी प्रवाह अभ्यासमा सुधार हुनुपर्ने जस्ता सुझाव तथा जिज्ञासाहरु राख्नुभएको थियो । कार्यक्रममा उठेका विषयहरुको सम्बन्धित प्रस्तुतकर्ताहरुले जवाफ दिई कार्यक्रम सम्पन्न भएको थियो ।



*दाङमा आयोजित प्रशिक्षण कार्यक्रमको एक झलक*

# हार्दिक श्रद्धाञ्जली

*"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो*
*इन्द्रै विन्ती गरुन् झुकेर पदमा, त्यो विन्ती मान्दैन त्यो"*



जन्मः १९८७ फाल्गुन
स्वर्गारोहणः २०७४ फाल्गुन ११

यस बोर्डका अध्यक्ष डा. रेवत बहादुर कार्कीज्यूको ममतामयी आमा श्रीमती राधादेवी कार्कीज्यूको ८७ वर्षको उमेरमा भएको असामयिक निधनप्रति दुख व्यक्त गर्दै बोर्ड परिवार भावपूर्णसहित मृतआत्माको चिर शान्तिको कामना गर्नुका साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गदर्छ ।

**नेपाल धितोपत्र बोर्ड परिवार**
जावलाखेल, ललितपुर ।



जन्मः १९९८ आश्विन २०
स्वर्गारोहणः २०७४ फाल्गुन १३

यस बोर्डका संचालक तथा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री नर बहादुर थापाज्यूको ममतामयी आमा श्रीमती सेतुदेवी थापाज्यूको ७६ वर्षको उमेरमा भएको असामयिक निधनप्रति दुख ब्यक्त गर्दै उहाँको १३ औं दिनको पुण्यतिथिमा बोर्ड परिवार भावपूर्ण श्रद्धाञ्जलीसहित मृतआत्माको चिरशान्तिको कामना गर्नुका साथै यस दुखद घडीमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।

**नेपाल धितोपत्र बोर्ड परिवार**
जावलाखेल, ललितपुर ।


प्रमुख सल्लाहकार
**डा. रेवत बहादुर कार्की, अध्यक्ष**

सल्लाहकार
**परीष्टनाथ पौड्याल, कार्यकारी निर्देशक**
**निरज गिरी, कार्यकारी निर्देशक**

सम्पादक
**डा. नवराज अधिकारी, निर्देशक**

सह सम्पादक
**नारायण प्र. शर्मा, उप निर्देशक**

सहायक सम्पादक
**रेवत श्रेष्ठ, अधिकृत**

प्रकाशक
**नेपाल धितोपत्र बोर्ड**, पो.ब.नं. ९०३१, जावलाखेल, ललितपुर,फोनः ०१-५५४१०५७, ५०००२०१, ५०००१६२, फ्याक्सः०१- ५५४१०५८, टोल फ्रि हटलाइन नंः १६६०-०१-४४४३३, वेबसाइटः http://www.sebon.gov.np, इ-मेलः support@sebon.gov.np